वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आदर्शनगर, वीरगंज, पर्सा
मधेश प्रदेश, नेपाल

पत्र.संख्याः ०८०/०८१
चलानी .नं. ३४९२

मितिः२०८०/०८/११

सूचना ! सूचना ! सूचना !

स्वः अनुगमन प्रतिवेदन पेश गर्ने सम्बन्धमा सूचना

यस महानगरपालिका भित्र निर्माण तथा संचालनमा रहेका विभिन्न उद्योग,प्रतिष्ठान तथा कलकारखानाहरुको वातावरण संरक्षण नियमावली २०७७ को परिच्छेद-८ अन्तर्गत नियम ४५(१) र वीरगंज महानगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि,२०७८ को परिच्छेद-४ अन्तर्गत नियम १२(२) बमोजिम प्रत्येक छ महिनामा स्वःअनुगमन प्रतिवेदन तयार गरि महानगरपालिका तथा सम्बन्धित निकायमा पेश गर्नुपर्ने भनि मिति२०८०/०६/२४ गते सार्वजनिक गरेको सूचना बमोजिम हाल सम्म यस महानगरपालिकामा अनुगमन प्रतिवेदन पेश नभएको प्रति महानगरपालिकाको गम्भिर ध्यानाकर्षण भएको हुँदा पहिलो अर्धवार्षिक स्वःअनुगमन प्रतिवेदन २०८०/१०/३० गते भित्र यस महानगरपालिकामा पेश गर्न हुन यो सुचना जारि गरिएकोछ, स्वः अनुगमन प्रतिवेदन पेश नगर्ने प्रस्तावको हकमा सोहि बमोजिम कारबाही हुने समेत जानकारी गराइन्छ।स्वःअनुगमन प्रतिवेदनको ढांचा वीरगंज महानगरपालिकाको वेवसाइटमा उप्लब्ध गराइएको छ।

..........................
राजकृष्ण ताम्राकार
प्रमुख
(प्रशासन तथा व्यवस्थापन महाशाखा)
अधिकृत सातौं

*नोटः वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगरिएका प्रस्तावहरुको सम्वन्धित निकायबाट प्रतिवेदन स्वीकृत गर्न हुन अनुरोध गरिन्छ।*